# बेलौरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
(शिक्षा,युवा तथा खेलकूद शाखा)
बेलौरी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं.:-२०८३।०८४
च.नं.:-

मितिः२०८३।०४।१८

**विषय : विशेषज्ञ सूचीमा नाम दर्ता गराउने सम्बन्धी सूचना।**

प्रस्तुत विषय सम्बन्धमा यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त हुने प्रधानाध्यापक नियुक्ति,स्वीकृत शिक्षक दरबन्दी,राहत अनुदान शिक्षक कोटा ,प्राविधिक धारतर्फ प्रशिक्षक/ सहायक प्रशिक्षक तथा बालविकास शिक्षक पदमा करार शिक्षक नियुक्तिका लागि शिक्षा नियमावली,२०५९(संसोधन सहित) को नियम ९६(क) बमोजिमको शिक्षक छनौट समितिमा विषय विशेषज्ञको लागि उपनियम ६ बमोजिम सूची दर्ता गर्नुपर्ने भएकोले सूचीकृत हुन चाहने क्याम्पस, विश्वविद्यालयका प्राध्यापक/प्रशिक्षक,विद्यालयका शिक्षकहरुले सूचीकृत हुन चाहेको तह र विषय खोली मिति २०८३/०५/०१ गते भित्र तपसिल अनुसारको विवरण सहित यस कार्यालयमा निवेदन पेशगर्न हुन अनुरोध छ ।

तपसिल :-

१) शैक्षिक योग्यता, अध्यापन अनुमतिपत्रको प्रमाणपत्रका स्वयम् प्रमाणित प्रतिलिपिहरु
२) तालिम प्रमाणपत्रका स्वयम् प्रमाणित प्रतिलिपिहरु
३) नागरिकता प्रमाणपत्रको स्वयम् प्रमाणित प्रतिलिपिहरु
४) वैयक्तिक विवरण ( Bio-data )
५) कम्तिमा ५ वर्ष शिक्षण सेवा अनुभवको प्रमाणपत्रको स्वयम् प्रमाणित प्रतिलिपि
६) विषय विशेषज्ञ हुन योग्य रहेको व्यहोरा सम्बन्धी स्वघोषणा
७) लिखित निवेदन

पुनश्चः- बालविकास तथा आधारभूत तहका लागि शिक्षाशास्त्र विषयमा स्नातक र माध्यमिक तहका लागि सम्बन्धीत विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्नेछ ।
माथिल्लो तहमा सूचीकृत भएको विषय विशेषज्ञ तल्लो तहका निम्ति स्वतः सूचीकृत भएको मानिनेछ ।

२०८३।४।१८

खेमराज जोशी
प्रमुख प्रशासकीय अधिकृत